Govt. Reg. No. 149/053/054

# नेपाल मानव अधिकार संगठन

# HUMAN RIGHTS ORGANISATION OF NEPAL

केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं

Central Office, Anamnagar, Kathmandu

Estd: 1988 A.D. (2045 B.S.)

मिति:२०७७/०१/०९

## संबैधानिक परिषद् र राजनीतिक दल सम्बन्धी अध्यादेश फिर्ता लिन संगठनको अपील

नेपाल सरकारले २०७७ बैशाख ८ गते संबैधानिक परिषद् (काम, कर्तब्य, अधिकार र कार्यबिधी) सम्बन्धी अध्यादेश र राजनीतिक दल सम्बन्धी अध्यादेश जारी गरेको र त्यस पश्चात उत्पन्न परिस्थितिप्रति नेपाल मानव अधिकार संगठनको गम्भिर ध्यानाकर्षण भएको छ ।

सम्माननीय प्रधानमन्त्रीज्यूले रहस्यमय ढङ्गले सम्पूर्ण प्रजातान्त्रिक पद्दती, मूल्य र मान्यता बिपरित अध्यादेश जारीगर्ने कार्यले नेपालको संबिधानको धारा २८४ को बर्खिलाप र धारा ११४ को दुरुपयोग भएको छ । अध्यादेशले शक्ति पृथकिकरण, नियन्त्रण र सन्तुलनको संबैधानिक प्रावधानलाई लत्याएको छ । यो संबैधानिक लोकतन्त्र माथिको गम्भिर प्रहार भएको संगठनको ठहर छ ।

नेपाल र सिङ्गो विश्व कोभिड-१९ को महामारीमा संघर्ष गरिरहेको बेला लोकतन्त्रको जगलाई नै आधात पुग्नेगरी अध्यादेश ल्याउने कार्यको संगठन भत्सर्ना गर्दछ । लोकतन्त्र र विधिको शासनप्रति समर्पित नेपाली जनताको भावनामा अपमान र खेलबाड नगर्नसमेत खवरदारी गर्दै उक्त अध्यादेश फिर्तालिन संगठन अपील गर्दछ । साथै, यस्ता अध्यादेशहरु हतारमै अनुमोदन गर्ने महामहिम राष्ट्रपतिज्यूको कार्य उहाँको पदको गरिमा अनुकुल नभएको समेत अपील गर्न चाहान्छौं ।

अन्त्यमा, लोकतन्त्र र संबिधानप्रति प्रतिबद्ध सबै राजनीतिक दल, नेतृत्व, नागरिक समाज, बुद्धिजिवी, सञ्चारजगत, मानव अधिकार समूदाय तथा आम नागरिकलाई लोकतन्त्र नै क्षतविक्षत गर्ने यस्ता षडयन्त्र विरुद्ध समयमै सचेत रहन संगठन अपील गर्दछ ।

महामुनीश्वर आचार्य
अध्यक्ष
सम्पर्क -९८५१२११४३२